# रू रू जलविद्युत परियोजना लिमिटेड
# RU RU JALBIDHYUT PARIYOJANA LIMITED

च.न.: १००/२०८२/०८३

मिति : २०८२/०९/३०

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाज, काठमाडौ,

**विषय: आ.व.२०८१/०८२ को वार्षिक साधाण सभाले परित निर्णयहरु पेश गरेको सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२/०९/०३ गतेको सञ्चालक समितिको निर्णय बमोजिम मिति २०८२/०९/०४ र २०८२/०९/१८ गतको नेपाल समाचारपत्र राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसारको कम्पनीको बीसौं (आ.व. २०८१/०८२) वार्षिक साधारण सभा स्मार्ट प्यालेश एण्ड इभेन्ट्स, काठमाण्डौको सभाहलमा मिति २०८२/०९/२५ गते सम्पन्न भएको व्यहोरा जानकारी गराउँदछु । यस वार्षिक साधारण सभाले पारित गरेका निर्णयहरु तहाँको जानकारीका लागि पेश गरेको छ ।

सहयोगका लागि धन्यवाद ।

...................
बलदेव बलामी
कार्यालय प्रबन्धक

**Head Office:**
Ka.Ma.Pa.-1, Kathmandu
Tel.: +977- 01-4519393, 01-4519394
E-mail: contact@ruruhydro.com
website: www.ruruhydro.com

**Project Site:**
Hugdi Khola,
Chandrakot Rural Municipality, Gulmi

**रु रु जलविद्युत परियोजना लि.**
**२०औं वार्षिक साधारण सभा**
**२०८१/०८२**

यस रु रु जलविद्युत परियोजना लिमिटेडको २०औं वार्षिक साधारण सभा मिति २०८९/०९/२५ (तद्नुसार जनवरी ९, २०२६) शुक्रवार बिहान ११:०० बजे स्मार्ट प्यालेस एण्ड इभेन्ट्स, चावहील, काठमाण्डौको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री आशिष सुवेदी ज्यूको अध्यक्षतामा बसी देहायका विषयहरुमा छलफल भई निम्न लिखित निर्णय गरीयो ।

कम्पनीका अध्यक्ष तथा समितिका सदस्यहरु, कम्पनीका पदाधिकारीहरु, शेयरधनीहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात सभाध्यक्ष ज्यूको अनुमतिले कम्पनी सचिवले २०औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नुभयो ।

**सभा सम्बन्धी सूचना र प्रकाशन**

कम्पनीको २० औं वार्षिक साधारण सभाको सूचना र सभामा छलफल हुने प्रस्तावहरु शेयरधनीहरुको जानकारीका लागि मिति २०८२/०९/०४ र २०८२/०९/१८ गते गरि दुई पटक नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै वार्षिक साधारण सभाको जानकारी नेपाल धितोपत्र बोर्ड, स्टक एक्सचेन्ज लि. र सिडिएस तथा क्लियरिङ लि. लगायतका अन्य नियमन निकायहरुमा समेत जानकारी गराईएको थियो ।

उपस्थिति :

(क) सञ्चालक समिति

१. श्री आशिष सुवेदी — अध्यक्ष
२. श्री चन्द्र बहादुर पुन — सञ्चालक
३. श्री सागर पाठक — सञ्चालक
४. श्री सरिता शाक्य प्रधान — सञ्चालक
५. श्री दिल बहादुर श्रेष्ठ — सञ्चालक
६. श्री अन्जन राज पौड्याल — सञ्चालक
७. श्री गोविन्द चालिसे — स्वतन्त्र सञ्चालक
८. श्री किशोर प्रसाद घिमिरे — कम्पनी सचिव

(ख) व्यवस्थापन

१. श्री विष्णु प्रसाद पाण्डे — प्लान्ट म्यानेजर
२. श्री कृष्ण बहादुर के.सी. — प्लान्ट ईन्चार्ज

३. श्री बलदेव बलामी     कार्यालय प्रबन्धक

(ग) शेयरधनिहरु

वार्षिक साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मिति सम्म कायम रहेका शेयरधनीहरु मध्ये १४३ जना भौतिक रुपमा र प्रोक्सी मार्फत ३७० जना गरी कुल ५१३ जना शेयरधनीहरु सभामा उपस्थित हुनु भएको थियो ।

**गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | जम्मा शेयर संख्या र शेयरधनि संख्या | स्वयम् उपस्थित | प्रतिनिधिबाट उपस्थित | जम्मा उपस्थित | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ५६,७३,२२२ | ३,३४,६२१ | २६,२१,६९२ | २९,५६,३१३ | ५२.११% |
| शेयरधनि संख्या | ४९७५५ | १४३ | ३७० | ५१३ | १.०३% |

**सभाको वैधानीकताः**

कम्पनी ऐन २०६३, र कम्पनीको स्वीकृत नियमावलिमा भएको व्यवस्था अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनि मध्ये कम्तीमा ३ जना शेयरधनिहरु स्वयम् वा प्रतिनिधि मार्फत उपस्थित हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको यस वार्षिक साधारण सभामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १४३ भएको र कुल बाँडफाँड भएको शेयर संख्याको ५२.११ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाका लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

**छलफलका लागि प्रस्तुत प्रस्तावहरु**

**क. साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ अवधिको वासलात, नाफा नोक्सान हिसाब, तथा नगद प्रवाह विवरणहरुमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ अवधिको मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पुँजीको ५.७८९% (प्रतिशत) नगद लाभांश (बोनस शेयरको कर प्रयोजन समेतका लागि) वितरण गर्ने सम्बन्धमा ।

RUKN HYDROPOWER

४. आ. व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. हकप्रद शेयरको सार्वजनिक निष्कासन सम्बन्धमा ।

६. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

७. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न एक (१) जना महिला सहित छ (६) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

१. बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको हाल कायम रहेको अधिकृत, जारी तथा चुक्तापूँजी लाई वृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ अवधिको मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने सम्बन्धमा ।

३. नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यकम सञ्चालन कम्पनी सचिवले गर्नु भएको थियो । कार्यकमको शुरुवातमा कम्पनीका सञ्चालक श्री सरिता शाक्य प्रधानज्यूले स्वागत मन्तव्य दिनुहुदै सभामा उपस्थित हुनु भएका सम्पुर्ण शेयरधनीहरु तथा व्यक्तित्वहरुलाई सभामा स्वागत गर्नु भएको थियो । स्वागत मन्तव्य पछी कम्पनीका अध्यक्ष श्री आशिष सुवेदी ज्यूले आफ्नो मन्तव्य सहित आ.व. २०८१/०८२ अवधिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । अध्यक्ष ज्यूले आ.व. २०८१/०८२ अवधिमा कम्पनीले आफ्नो लक्ष्य अनुरुप नै विद्युत उत्पादन तथा आपुर्ति गरि शेयरधनिहरु लाई आशातित रुपमा लाभांश प्रस्ताव गर्न सफल रहेको, कम्पनीले सुम्निमा हाइड्रो पावर कम्पनी लि.का आयोजनाहरुको निर्माणका लागि गत साधारण सभामा निर्णय गरेको हकप्रद शेयरको सार्वजनिक निष्कासन सम्बन्धी निर्णयको निरन्तरता दिएको, नियमन निकायहरुको स्वीकृती पश्चात कम्पनीका शेयरधनीहरु लाई बोनस शेयर जारी गर्ने लगायतका प्रस्तावहरु गरिएको जानकारी सभा लाई गराउँदैं प्रस्तुत वार्षिक प्रतिवेदनहरु पारित गरिदिनका लागि अनुरोध गर्नुभयो ।

लेखा परीक्षण समितिका संयोजक श्री सागर पाठकज्यूले आ.व. २०८१/०८२ अवधिको लेखा परीक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुहुदैं कम्पनीले गत साधारण सभाका निर्णयहरु कार्यान्वयन गरेको, लेखा परीक्षण समितिका सल्लाह सुझावहरु ग्रहण गर्ने गरेको, कम्पनीका वित्तय सुचाङकहरु राम्रो रहेका, मुख्य कार्यालय तथा परियोजनास्थलको समग्र अवस्था राम्रो रहेको लगायत वित्तिय प्रतिवेदनका विषयमा सभालाई जानकारी गराउँनु भयो ।

त्यस पश्चात आ.व.०८१/०८२ को वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन सहित २०८२ अषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/०८२ को वार्षिक नाफा नोक्सान हिसाव र सोहि अवधिका नगद प्रवाह विवरण, अनुमानित बजेट, सम्बन्धित अनुसुचिहरु समेतमा आ-आफ्नो राय, सुझाव तथा सो सम्बन्धमा छलफल गर्न र मन्तव्य राख्नका लागि शेयरधनिहरु लाई अनुरोध गरियो । निम्न शेयरधनिहरुले मन्तव्य दिदै व्यक्त गर्नुभएका राय, सुझाव तथा प्रतिकृयाहरुको मुख्य भाग यस प्रकार रहेको छ ।

**१. श्री इन्द्र प्रसाद लामिछाने**

शेयरधनी श्री इन्द्र प्रसाद लामिछानेले साधारण सभा आर्थिक वर्ष समाप्त हुना साथ समयमा गर्न सक्यो भने शेयरधनीहरुले समयमा नै लाभांश प्राप्त गर्ने हुँदा आगामी सभाहरु समयमा गर्न सुझाव दिदैं बोनस शेयर र हकप्रद शेयर निष्कासन स्वागतयोग्य रहेको बताउनु भयो ।

**२. श्री गोविन्द बहादुर के.सी.**

शेयरधनि श्री गोविन्द के.सि. ज्यूले सभालाई धन्यवाद दिदै कम्पनीले प्रस्ताव गरेको १० प्रतिशत बोनस शेयर र ५.७८९ प्रतिशत नगद लाभांश बाट शेयरधनीहरु खुशी रहेको बताउदै शेयरधनीहरुलाई हालको जस्तै लाभांश आगामी वर्षहरुमा पनि निरन्तरता प्रदान गर्न सकियोस भन्ने कामना गर्नु भयो । संस्थाले अन्य कम्पनीहरुमा लगानी गरेको सम्बन्धमा उल्लेख गर्नु हुदै हकप्रद शेयर जारी गरी सो बाट प्राप्त हुने रकमको अन्य आकर्षक आयोजनाहरुमा लगानी गर्न सुझाव दिनु भयो ।

**३. डमरु बल्लव घिमिरे**

शेयरधनि श्री डमरु बल्लव घिमिरेले प्रस्तुत प्रतिवेदनहरु सबै राम्रा हुनुका साथै नेपालीमा प्रतिवेदन राखिएकोले सजिलो भएको बताउदै समयमा वार्षिक साधारण सभा गर्न सुझाव दिनु भयो ।

**४. श्री उत्तम पाठक**

शेयरधनि श्री उत्तम पाठक ज्यू ले कम्पनीले निरन्तर रुपमा लाभांश प्रदान गर्नु भन्दा हालको समयमा कम्पनीको नेटवर्थ लागायतका अनुपातहरु थप बलीयो बनाउदै आकर्षक कम्पनीहरुमा लगानी गर्दा

HYDROPOWER

भविष्यमा कम्पनीले हालको भन्दा धेरै र निरन्तर रुपमा लाभांश वितरण गर्न सक्ने सुझाव प्रदान गर्नु भयो ।

५. शेयरधनी श्री निरुपमा गुप्ता, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री सुरेन्द्र चिमौरियाले लिखित मन्तव्य मार्फत सभाको सफलताको कामना गर्नु भएको थियो ।

**सभाध्यक्षज्यूको जवाफ :**

शेयरधनिहरुको मन्तव्य, राय, सुझाव र जिज्ञासा पछि कम्पनीका तर्फबाट सभाध्यक्ष ज्यूले सम्पुर्ण राय, सुझाव तथा प्रतिकृयाका लागि धन्यवाद दिदै कमश जिज्ञासाहरुको बारेमा जवाफ दिनुभयो । कम्पनीका विगतका साधारण सभा बाट म्यान्डेट प्राप्त भए अनुसार माथिल्लो पिखुवा खोला जलविद्युत आयोजना ४.९ मे.वा र पिखुवा पशुपति जलविद्युत आयोजना ४.१ मे.वा. आयोजनाहरु आगाडि बढाएको बताउनु भयो । आगामी वर्षहरुमा यथाशक्य छिटो साधारण सभा सम्पन्न गर्ने बताउनुका साथै हकप्रद शेयर निष्कासनका लागि नियमन आयोगमा स्वीकृतिका लागि निवेदन पेश गरिएको, स्वीकृति पश्चात निष्कासन गरिने जानकारी सभा लाई गराउनु भयो । सभाध्यक्षज्यूले जिज्ञासाहरुको सम्बोधनको अन्त्यमा शेयरधनिहरुले कम्पनीको उन्नति तथा प्रगतिका लागि दिनु भएका सृजनात्मक तथा रचनात्मक राय, सुझावहरुलाई कम्पनीले भविष्यमा लागु गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै शेयरधनीहरुलाई उपस्थितिका लागि धन्यवाद दिदै आफ्नो जवाफ अन्त्य गर्नुभयो ।

**सभाका निर्णयहरु :**

छलफल तथा निर्णयार्थ वार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरुमा यस सभाले निम्न बमोजिम निर्णयहरु गर्‍यो :

**<u>साधारण प्रस्ताव उपर छलफल र निर्णयहरु :</u>**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।**

सभाका अध्यक्ष श्री आशिष सुवेदी ज्यूले सञ्चालक समितिका तर्फबाट पेश गर्नुभएका तपसिल अनुसारका विषय तथा प्रतिवेदन लागायत सभा प्रस्तुत अन्य विषयहरुका सम्बन्धमा सभामा उठेका जिज्ञासाहरु अध्यक्षज्यूले प्रष्ट पार्नु भएपछि तपसिल अनुसार विषय तथा प्रस्तावहरु सर्वसम्मतिबाट पारित भयो ।

(क)सभाध्यक्ष ज्यूले प्रतिवेदन मार्फत प्रस्तुत गर्नुभएको समिक्षा अवधिका उपलब्धीहरु तथा भावी योजनाहरु, विद्युत उत्पादन लक्ष्य तथा विक्रि, कम्पनीको ऋण तथा दायित्व, कम्पनी द्वारा अन्य कम्पनी तथा सहायक कम्पनीमा गरिएको लगानीहरु, समिक्षा अवधिमा सञ्चालक समितिले गरेका सम्पुर्ण निर्णयहरु लगायतका विषयहरु सर्वसम्मतिबाट पारित भयो ।

RU
KN
HYDROPOWER

(ख)आ.व. २०८१/०८२ अवधिको वार्षिक प्रतिवेदन मार्फत प्रस्तुत कम्पनीको समिक्षा अवधिको लेखा परीक्षण प्रतिवेदन, लेखा परीक्षण समिति द्वारा प्रस्तुत प्रतिवेदन, शेयरधनीहरु लाई वितरण गर्न प्रस्ताव गरिएको बोनस शेयर तथा नगद लाभांश, हकप्रद शेयर निष्कासन सम्बन्धी जानकारी र प्रस्ताव गरिएको हकप्रद शेयरको अनुपात लगायतका प्रस्तावहरु सर्वसम्मतिबाट पारित भयो ।

(ग) सभा अध्यक्ष ज्यूले कम्पनीको नाममा रहेको हुम्ला कर्णाली -१ र हुम्ला कर्णाली-२ आयोजनाहरुको हक/स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा राख्नु भएको प्रस्तावका सम्बन्धमा सभामा छलफल गर्दै अध्यक्ष ज्यूले सो सम्बन्धमा कम्पनीको मिति २०८२/०३/०१ र २०८२/०३/०२ गतेको बसेको सञ्चालक समिति बैठकले यस कम्पनीको नाममा स्वामित्व कायम रहेको हुम्ला कर्णाली- १ जलविद्युत आयोजना (२३५ मे.वा.) र हुम्ला कर्णाली- २ जलविद्युत आयोजना (३३५ मे.वा.) हरुको उत्पादन अनुमतिका लागि विद्युत विकास विभागमा निवेदन पेश गरिएको र कर्णाली वाटर पावर प्रा.लि.का नाममा हक/स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा रु रु ज.वि.प.लि. र क.वा.पा. प्रा.लि. का बिच मिति २०७९ चैत्र ५ गतेको सम्झौता बमोजिम रु रु ज.वि.प.लि. ले विद्युत विकास विभागमा पत्राचार गरिसकेको भएता पनि विद्युत विकास विभागको विद्यमान कानुनी व्यवस्था अनुसार हक/स्वामित्व हस्तान्तरण हुने कम्पनीमा अनुमति प्राप्त कम्पनीको १०% शेयर कायम हुनुपर्ने व्यवस्था भएकोले कर्णाली वाटर पावर प्रा.लि.को १०% शेयर अर्थात ३,४७,००० कित्ता शेयर कायम राख्ने र नियामकिय निकायको स्वीकृती प्राप्त भए पश्चात मात्र रिन्यु होल्डिङ्ग प्रा.लि.का नाममा नामसारी गर्ने भन्ने निर्णय भएको जानकारी सभा लाई गराउदै उक्त निर्णय अनुमोदनका लागि प्रस्ताव गर्दा सभाको सर्वसम्तिले अनुमोदन गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ अवधिको वित्तिय विवरण उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।**

कम्पनीको आ.व. २०८१/०८२ अवधिको लेखा परीक्षण गर्न नियुक्त हुनु भएका B.R. PANDEY & Asso. का लेखा परीक्षक श्री भोजराज पाण्डेले नेपाल फाईनान्सीयल रिर्पोटिङ्ग स्ट्याण्डर्ड ( NFRS) अनुसार तयार पार्नु भएको २०८१/०८२ अवधिको लेखा परीक्षण प्रतिवेदन लाई सभामा छलफलका लागि प्रस्तुत गर्दा विभिन्न शेयरधनी महानुभावहरुले लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा विभिन्न जिज्ञासा राख्नुभयो । सो जिज्ञासाहरुका सम्बन्धमा अध्यक्षज्यूले प्रष्ट पार्नु भए पश्चात सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ अवधिको लेखा परीक्षण प्रतिवेदन, कम्पनीको वासलात, नाफा नोक्सान विवरण, अनुमानित बजेट लगायतका वित्तय विवरणहरु सर्वसम्मतिले पारित भयो ।

**३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/८२ अवधिको मुनाफा बाट चुक्ता पुंजीको ५.७८९% नगद लाभांश (बोनस शेयरको कर प्रयोजनका लागि ) वितरण प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

RU KN HYDROPOWER

सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०८१/०८२ अवधिको वितरणयोग्य मुनाफा तथा संचित मुनाफा कोष बाट यस वार्षिक साधारण सभा प्रयोजनार्थ शेयर दाखिल खारेज बन्द भएको

मिति भन्दा अघिल्लो दिनमा कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.७८९ प्रतिशत (बोनस शेयरको कर प्रयोजनका समेतका लागि ) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गरियो ।

**४. लेखा परीक्षण समितिको सिफारिस अनुसार आ.व.२०८२/०८३ को लागी लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा गर्ने ।**

कम्पनीको आ.व. २०८२/०८३ अवधिको लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा सभामा छलफल हुँदा कम्पनीको लेखा परीक्षण समितिमा पेश हुन आएका ३ वटा प्रस्तावहरु मध्ये सोही समितिबाट सिफारिस भई आएका C.A. Bhoj Raj Pandey, B.R. PANDEY& Asso. लाई आ. व. २०८२/०८३ अवधिको लेखा परीक्षण गर्न नियुक्त गर्ने तथा लेखा परीक्षण कार्य गरे वापत निजको पारिश्रमिक मू.अ.कर बाहेक रु २,००,०००/- (अक्षरेपी दुई लाख मात्र) तोक्ने निर्णय गरियो ।

**५. हकप्रद शेयरको सार्वजनीक निष्कासन सम्बन्धमा ।**

कम्पनीको १९ औं साधारण सभाले सुम्निमा हाइड्रो पावर कम्पनी प्रा.लि. द्वारा प्रर्वद्धित भोजपुर जिल्लाका माथिल्लो पिखुवा खोला जलविद्युत आयोजना ४.९ मे.वा र पिखुवा पशुपति जलविद्युत आयोजना ४.१ मे.वा. को विकास तथा निर्माणको उद्देश्यले हकप्रद शेयरको सार्वजनीक निष्कासन गर्ने विशेष निर्णय गरेको र सोही निर्णय अनुसार विद्युत नियमन आयोगमा आवश्यक कारबाही भई रहेकोले तत्कालीन अवस्थामा बोनस शेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीको १:०.८ (एक शेयर बराबर शुन्य दशमलव आठ शेयर) अनुपातमा हकप्रद शेयरको सार्वजनीक निष्कासन गर्ने निर्णय र आयोगमा पेश गरिएको निवेदनलाई नै निरन्तरता दिने निर्णय गरियो । साथै तत्कालिन अवस्थाको चुक्ता पूँजीका कारण जारी गर्न खोजिएको हकप्रद शेयरबाट जम्मा हुने रकममा हाल वोनस शेयर जारी गरेका कारण फरक नपरोस् भनेर पहिलेको अनुपातलाई परिमार्जन गरि १:०.७२७२ (१ शेयर बराबर ०.७२७२ शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्न प्रकृया अगाडी वढाउने निर्णय भयो । साथै कम्पनीले निष्काशन गर्ने १:०.७२७२ (१ शेयर बराबर ०.७२७२ शेयर) को अनुपातमा ४५,३८,५७७.६३ कित्ता हकप्रद शेयर निष्काशन बाट संकलन हुने रकम रु.४५,३८,५७,७६२.६०/- देहाय बमोजिम उपयोग गरिनेछ ।

RU KN HYDROPOWER

| निष्काशनबाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र | रकम रु. |
|---|---|
| **देहायका आयोजनाहरुमा लगानी**<br>१. माथिल्लो पिखुवा खोला जलविद्युत आयोजना ४.९ मे.वा.<br>२. पिखुवा पशुपति जलविद्युत आयोजना ४.१ मे.वा. | ४५,३८,५७,७६२.६० |

**६. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएका स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

कम्पनीको सञ्चालक समितिको मिति २०८२/०२/१२ गतेको बैठक बाट रिक्त रहेको स्वतन्त्र विषेशज्ञ सञ्चालकको पदमा कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) को व्यवस्था बमोजिम जलविद्युत क्षेत्रमा राम्रो अनुभव तथा विज्ञता हासिल गर्नु भएका श्री गोविन्द चालिसे ( ना.प्र.नं ६३० जि.प्र.का काठमाण्डौं, जारी मिति २०५४/१०/०९) लाई आगामी चार वर्षका लागि स्वत्रन्त्र विशेषज्ञ सञ्चालक पदमा नियुक्त गरेको सभा लाई जानकारी गराउदै उक्त नियुक्ति लाई अनुमोदन गरिदिनुहुन सभालाई अनुरोध गरिएकोमा सञ्चालक नियुक्त भएको मितिबाट लागुहुने गरि सभाको सर्वसम्मतिले अनुमोदन गरियो ।

**७. कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न एक (१) जना महिला सहित छ (६) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।**

यस कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुहुने (१) जना महिला सहित (६) छ जना सञ्चालकको निर्वाचनका लागि निर्वाचन समिति बाट आवश्यक प्रकृया सञ्चालन गर्दा उक्त पदका लागि शेयरधनिहरुका तर्फ बाट १ जना महिला सहित आवश्यक संख्यामा मात्र उम्मेदवारी दर्ता भएकोले निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री तेज बहादुर राईले उम्मेदवारी दिने तपसिल अनुसारका सबै उम्मेदवारहरु आगामी चार वर्षका लागि कम्पनीको सञ्चालक पदमा र्निविरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

**तपसिल**

| क.स | निर्वाचित सञ्चालकहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | श्री आशिष सुवेदी<br>का.म.पा.-२८, काठमाण्डौ | शेयरधनी |
| २ | श्री चन्द्र बहादुर पुन<br>शंकरनगर-६, रुपन्देही | शेयरधनी |
| ३ | श्री सरिता शाक्य प्रधान<br>आदर्शटकसार-५, भोजपुर | शेयरधनी |
| ४ | श्री सागर पाठक<br>ज्यामरुङ्ग-६ धादिङ | शेयरधनि (श्री व्याम्बो इन्भेष्मेन्ट भेन्चर्स प्रा.लि का आधिकारिक प्रतिनिधि) |
| ५ | श्री अन्जन राज पौड्याल<br>का.म.पा.-६ काठमाण्डौ | शेयरधनी |
| ६ | श्री अविनास सिलवाल<br>गोरखा न.पा.-१०, गोरखा | शेयरधनी |

**<u>विशेष प्रस्तावहरु उपर छलफल र निर्णयहरु :</u>**

**१.(क) बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको हाल कायम रहेको अधिकृत, जारी तथा चुक्तापूँजी लाई वृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।**

**<u>निर्णय</u>**

**क.** प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख) र (ग) देहाय बमोजिम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्व सम्मतिले पारित गरियो ।

**<u>प्रबन्धपत्रको दफा ६ को (क) (ख) र (ग) मा देहाय बमोजिम संशोधन गर्ने ।</u>**

६(क) कम्पनीको अधिकृत पूँजी रु. १,२०,००,००,०००/-(एक अर्व बिस करोड) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु १००/- दरका १,२०,००,००० (एक करोड बिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ख) कम्पनीको जारी पूँजी रु.१,०७,७९,१२,१८६.१८ (एक अर्व सात करोड उनान्असी लाख बाह्र हजार एक सय छयासी र पैसा अठार) हुनेछ । सो पूँजि लाई प्रति शेयर रु १००/- दरका १,०७,७९,१२१.८६ (एक करोड सात लाख उनान्असी हजार एक सय एक्काईस दशमलव छयासी ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

६(ग) कम्पनीको चुक्ता पूँजी रु.१,०७,७९,१२,१८६.१८ (एक अर्व सात करोड उनान्असी लाख बाह्र हजार एक सय छयासी र पैसा अठार) हुनेछ ।

१(ख). कम्पनीको प्रबन्धपत्र को दफा ४ को उपदफा १ मा (ङ) थप गरी देहाय बमोजिम संशोधन गर्ने सम्बन्धमा ।

कम्पनीको प्रबन्धपत्र को दफा ४ को उपदफा १ मा (ङ) थप गरी देहाय बमोजिम संशोधन सम्बन्धी विशेष प्रस्ताव सर्व सम्मतिले पारित गरियो ।

**<u>प्रबन्धपत्र को दफा ४ को उपदफा १ मा</u>** (ङ) **<u>थप गरी देहाय बमोजिम संशोधन गर्ने</u>**

(ङ) धितोपत्रको खरीद विक्रि सम्बन्धी कार्य गर्ने ।

**२. आ.व. २०८१/०८२ अवधिको मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०८१/०८२ अवधिको वितरण योग्य मुनाफा तथा संचित मुनाफा कोषबाट यस वार्षिक साधारण सभा प्रयोजनार्थ शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम रहेका शेयरधनीहरुलाई कम्पनीको चुक्ता पूँजी रु ५६ करोड ७३ लाख २२ हजार २ सय ३ र पैसा २५ पैसाको १०% (दश प्रतिशत) ले हुन आउने रु. ५ करोड ६७ लाख ३२ हजार २ सय २० र पैसा ३३ बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सर्व सम्मतिले पारित गरियो । उपरोक्त अनुसारको बोनस शेयर नियमन निकायको स्वीकृती पश्चात जारी गरिने छ । यदि नियमन निकायले बोनस शेयरका संवन्धमा भिन्न निर्णय

RUKN HYDROPOWER

गरेको अवस्थामा वा बोनस शेयरको अनुपात परिवर्तन गरेमा सोही अनुसार वोनस शेयर वितरण गरिने प्रस्ताव पनि सर्वसम्मतिले पारित गरियो ।

**बोनस शेयर जारी गर्नुको उद्देश्य**

नियमन निकायहरुको स्वीकृति पश्चात प्रस्तावित बोनस शेयर जारी गर्दा वृद्धि हुन जाने पूँजी रु. ५,६७,३२,२२० र पैसा ३३ लाई कम्पनी द्वारा विकास तथा निर्माण गर्न लागिएका हुम्ला कर्णाली-१ जलविद्युत आयोजना २३५ मे.वा. र हुम्ला कर्णाली-२ जलविद्युत आयोजना ३३५ मे.वा. को अध्ययन, विकास तथा निर्माणमा खर्च गरिने व्यहोरा जानकारी गरियो ।

**४. नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलिको संशोधन/थप अभिलेख गर्ने क्रममा कम्पनी रजिष्टार लगायत नियमन निकाय बाट कुनै फेरबदल/संशोधन गर्न वा मिलाउन निर्देशन दिएमा तथा हकप्रद शेयरको सम्बन्धमा धितोपत्र बोर्ड नेपाल, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., विद्युत नियमन आयोग, विद्युत विकास विभाग लगायत नियमन निकाय बाट कुनै फेरबदल/संशोधन गर्न वा मिलाउन निर्देशन दिएमा सोही अनुरुप आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समिति लाई पुर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो।

**ग. विविध ।**

विविध अर्न्तगत कुनै पनि प्रस्ताव उपर छलफल तथा निर्णय भएन ।

**धन्यवाद तथा सभा विसर्जन**

सभामा छलफल तथा निर्णय गर्नुपर्ने थप प्रस्तावहरु नभएकोले अध्यक्ष श्री आशिष सुवेदीज्यूले सभामा धन्यवाद मन्तव्य दिनुहदैं आजको यस गरिमामय सभालाई सफल बनाउन उपस्थित भई सहयोग गर्नु भएकोमा सबै शेयरधनिहरु, सञ्चालक समितिका सहकर्मि सदस्यहरु, विभिन्न समितिका पदाधिकारीहरु, कम्पनी सचिव, व्यवस्थापन तथा कर्मचारीहरु, स्ट्याण्डर्ड चाटर्ड बैंक लि., एनआईएमबी एस क्यापिटल लि.का प्रतिनिधिहरु, पत्रकार ज्यूहरु, आमन्त्रीत ज्यूहरु, स्वयम् सेवीहरु तथा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा समाप्त भएको घोषणा गर्नुभयो ।

RU
KN
HYDROPOWER